कर्णाली प्रदेशसभा

## सामाजिक विकास समिति

# वार्षिक प्रतिवेदन

आ.व. २०८१/०८२




कर्णाली प्रदेशसभा

## सामाजिक विकास समिति

वीरेन्द्रनगर, सुर्खेत

# सामाजिक विकास समितिका माननीय सदस्यहरू



मा. पूर्णबहादुर खत्री
सभापति



मा.इन्द्राकुमारी शाही
सदस्य



मा.खड्गबहादुर पोखरेल
सदस्य



मा.जीतबहादुर मल्ल
सदस्य



मा.जुम्कित लामा (कार्की)
सदस्य



मा.मिलन खड्का (रोका)
सदस्य



मा.रण सिंह परियार
सदस्य

# मन्तव्य

**सभामुख महोदय,**

संसदीय शासन प्रणालीमा विषयगत समितिलाई "मिनी संसद" का रूपमा लिने गरिन्छ। यसको सक्षमता, जागरूकता, सक्रियता र कार्यकुशलताले सरकारलाई नागरिकप्रति उत्तरदायी, पारदर्शी र जवाफदेही बनाउने महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। कानूनको शासनलाई पूर्णरूपमा अङ्गिकार गराउँदै, सुशासनको मार्गमा सरकारलाई मार्गदर्शन तथा निगरानी गर्ने कार्यमा समितिको प्रभावकारी योगदान रहँदै आएको छ।

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीअन्तर्गत प्रदेशसभा संघीयताको एक मुख्य अङ्ग हो। यस प्रदेशसभालाई सक्षम, उत्तरदायी र प्रभावकारी बनाउने कार्यमा विषयगत समितिहरूको भूमिका अत्यन्तै महत्वपूर्ण छ। कर्णाली प्रदेशसभामा चार वटा विषयगत समितिहरू गठन गरिएको छ, जसले प्रदेशसभाको कार्य सम्पादनलाई सुदृढ तुल्याएका छन्।

त्यसमध्ये सामाजिक विकास समिति एक प्रभावशाली र कार्यगत रूपमा सक्रिय समिति हो। सभाबाट प्राप्त विधेयकहरूलाई दफावार छलफलका क्रममा माननीय सदस्यज्यूहरूले राख्नुभएका संशोधन प्रस्तावहरू, सरोकारवालाहरूका सुझावहरू तथा आम नागरिकहरूको चासोलाई समेट्दै विधेयकहरूलाई परिमार्जन र परिस्कृत गर्ने कार्यमा समितिले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। साथै, सभा र समितिका अन्य कार्यहरूलाई पनि व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न समितिका माननीय सदस्यहरूलाई सक्रिय, जिम्मेवार र नागरिक अनुकूल कार्यशैलीमा प्रेरित गर्नुका साथै सरकारलाई जनउत्तरदायी बनाउन समितिको सक्रियता उल्लेखनीय रहेको छ।

**सभामुख महोदय,**

कर्णाली प्रदेशसभा नियमावली, २०८१ को नियम १५७ बमोजिम गठित यस समितिमा ७ जना माननीय सदस्यहरू रहनु भएको छ। यस समितिको क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय, प्रादेशिक विषयवस्तुका सम्बन्धमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोगको वार्षिक प्रतिवेदन र सम्बद्ध विषय तथा निकायसम्बन्धी क्षेत्रहरू रहेका छन् ।

समितिको मिति २०८१ श्रावणदेखि २०८२ असार मसान्तसम्म २९ वटा बैठक बसेको थियो। समितिबाट विभिन्न जिल्लाहरूमा संसदीय अनुगमन, निगरानी तथा अन्तरक्रिया र सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेको थियो। यसरी नागरिकबीच जाँदा प्रदेशसभा र सरकारप्रति विश्वास र भरोसा वृद्धि भएको पाइयो। साथै नागरिकहरूले प्रदेश सरकारका कामकारवाही र प्रदेशसभाले निर्माण गरेका ऐन नियमहरूको समयानुकूल परिमार्जनका विषयमा चासो देखाउने गरेको पाइएको छ।

**सभामुख महोदय,**

समितिले गत आ.व.मा केही ऐतिहासिक र दूरगामी महत्वका कार्यहरू सम्पन्न गरेको छ। जसमा उत्तर विधायिकी परीक्षण (Post-legislative Scrutiny) जस्ता नवीन अभ्यासहरू अवलम्बन गरी ऐनहरूको प्रभावकारिता र कार्यान्वयनको अनुगमनमा ध्यान केन्द्रित गरेको छ। "कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८" को उत्तर-विधायिकी परीक्षण गर्दै सरोकारवालासँग अन्तरक्रिया गरी ऐनको कार्यान्वयन अवस्था, देखिएका चुनौतीहरू तथा सुधारका उपायहरूको अध्ययन गरी प्रतिवेदन सभामा प्रस्तुत गरिएको थियो। प्रदेशमा पहिलोपटक गरिएको यो परीक्षणले भविष्यमुखी कानून निर्माण र संशोधन प्रक्रियामा मार्गदर्शक हुने अपेक्षा गरिएको छ।

त्यसैगरी, "कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि दफावार छलफल गर्दै "ऐन कार्यान्वयन मापन"सम्बन्धी महत्वपूर्ण प्रावधान समावेश गरिएको छ। जसअनुसार, ऐन प्रारम्भ भएको मितिबाट पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछिका हरेक पाँच-पाँच वर्षमा कार्यान्वयनको मूल्याङ्कन गरिनेछ र सोको प्रतिवेदन प्रदेशसभामा पेश गर्नु पर्नेछ। कानून निर्माण मात्र होइन, विधायिकीको मनसाय अनुसार बनेका कानूनहरू व्यवहारमा कति प्रभावकारी रूपमा कार्यान्वयन भए वा भएनन् भन्ने मूल्याङ्कन पनि अनिवार्य छ भन्ने सोचका साथ गरिएको यो व्यवस्था दूरदर्शी र अनुकरणीय छ। यसले ऐन कार्यान्वयनको परिणाममूलक मूल्याङ्कनलाई संस्थागत बनाउने र प्रदेशसभाको अनुगमन भूमिकालाई थप सुदृढ बनाउने विश्वास गरिएको छ।

**सभामुख महोदय,**

समितिलाई चुस्तदुरूस्त र व्यवस्थित गर्न समितिको बैठक सञ्चालन कक्षमा अति आवश्यक साधन स्रोतको यथोचित व्यवस्थापन, आवश्यक बजेटको व्यवस्था, माननीय सदस्यज्यूहरू, सचिवालयका कर्मचारीहरूको समयानुकूल क्षमता अभिबृद्धिलगायत सम्वन्धित

विषयमा प्रशिक्षणको व्यवस्था गर्नु पर्ने, समितिको बैठकलाई प्रत्यक्ष अभिलेखीकरण गर्न विषयगत दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने, विधेयकलगायत अन्य विविध विषयमा विज्ञहरूको राय, सल्लाह लिनको लागि विज्ञहरूको व्यवस्था गर्नु पर्ने देखिएको छ।

**सभामुख महोदय,**

समितिको कार्य सम्पादनमा निरन्तर सहयोग पुऱ्याउनु हुने माननीय सभामुखज्यू, माननीय उप-सभामुखज्यू, समितिको कार्यक्षेत्रसँग सम्वन्धित विभागीय मन्त्रीज्यूहरू र समितिका सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई आभारसहित हार्दिक धन्यवाद दिन चाहन्छु ।

त्यस्तै समितिलाई विभिन्न तरिकाले सहयोग पुऱ्याउनु हुने कर्णाली प्रदेशसभाका सचिव, समितिका सचिवलगायत सचिवालयमा कार्यरत कर्मचारीहरू, मर्यादापालकहरू एवम् समितिको कार्यक्षेत्र भित्रका मन्त्रालय/आयोग/सचिवालय, विषय विज्ञहरू, सञ्चारकर्मी, विभिन्न संघ-संस्थाहरू, नागरिक समाजलगायत जनसमुदायमा समितिको तर्फबाट आभारसहित हार्दिक धन्यवाद दिन चाहन्छु ।

**सभामुख महोदय,**

समितिले गत आर्थिक वर्षमा सम्पादन गरेका विभिन्न कामहरूमा आधारित वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्नु पर्ने व्यवस्था भएअनुसार कर्णाली प्रदेशसभा नियमावली, २०८१ को नियम १७२ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को सामाजिक विकास समितिको ५८ औं बैठकबाट सर्वसम्मतरूपमा पारित यो वार्षिक प्रतिवेदन माननीय सभामुखज्यूमार्फत यस गरिमामय सभा समक्ष पेश गर्दछु ।

धन्यवाद ।

*मितिः २०८२ श्रावण १५ गते ।*

पूर्णबहादुर खत्री
सभापति
सामाजिक विकास समिति

# विषयसूची


| क्र.सं. | विषय | पेज नम्वर |
|---|---|---|
| १ | परिचय | १ |
| २ | समितिको गठन प्रक्रिया | १ |
| ३ | समितिको सचिवालय | २ |
| ४ | समितिको काम, कर्तव्य र अधिकार | २ |
| ५ | समितिको कार्य क्षेत्र | ३ |
| ६ | समितिले सम्पादन गरेका कार्यहरू | ४ |
| ७ | विधेयकमाथि छलफल तथा प्रतिवेदन | ४ |
| ८ | समितिको बैठकका निर्णय तथा अन्य कामकारवाहीहरू | ९ |
| ९ | समिति हेरफेरसम्बन्धी विवरण | २९ |
| १० | समितिको बैठकमा माननीयज्यूहरूको उपस्थितिको विवरण | ३० |
| ११ | समितिको बैठकमा विषयगत मन्त्रीज्यूहरूलाई आमन्त्रण गरिएको संख्या | ३० |
| १२ | समितिमा छलफल भई पारित भएका विधेयकको विवरण | ३१ |
| १३ | समितिमा विचाराधिन विधेयकको विवरण | ३१ |
| १४ | सरोकारवाला निकायहरूसँग भएका अन्तरक्रिया तथा छलफलहरू | ३२ |
| १५ | समितिको प्रभावकारिता | ३४ |
| १६ | समितिको निर्देशन कार्यान्वयन | ३४ |
| १७ | चुनौतीहरू र आगामी कार्यदिशा | ३५ |
| १८ | सुझावहरू | ३७ |
| १९ | निष्कर्ष | ३८ |
| २० | अनुसूचीहरू | |

# परिच्छेद-१
# प्रारम्भिक

## १.१ परिचयः

संसदीय शासन प्रणालीमा संसदको भूमिकालाई प्रभावकारी बनाई नियमित तथा आकस्मिक कार्यहरूलाई निरन्तर अगाडि बढाउन संसदका सदस्यहरू मध्येबाट तोकिएका सदस्यहरू रहने गरी विभिन्न संसदीय समितिहरू गठन गरिन्छन्। लोकतान्त्रिक शासन व्यवस्थामा राज्य शक्तिको स्रोत जनता हुने र जनतामा निहित सार्वभौम सत्ताको प्रयोग जनप्रतिनिधिहरूद्वारा गरिन्छ।

संसदीय समितिले संसदका गतिविधिहरूलाई सरल तथा छिटोछरितो तुल्याउने एवम् सरकारलाई सभाप्रति जिम्मेवार तथा जवाफदेही बनाउने कार्यमा सहजता प्रदान गर्ने हुँदा यसलाई लघु संसद (Mini Parliament) पनि भन्ने गरिन्छ। कर्णाली प्रदेशसभा नियमावली, २०८१ को नियम १५५ मा ४ वटा विषयगत समिति रहने व्यवस्था रहेको छ। ती विषयगत समितिहरूमध्ये सामाजिक विकास समिति प्रदेशसभाको एउटा महत्वपूर्ण समिति हो।

प्रदेशसभाबाट समितिमा आएका विधेयकहरूलाई परिमार्जन गरी परिस्कृत गर्नका साथै प्रदेशसभाका अन्य कार्यहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न, प्रदेशका काम कारवाहीप्रति प्रदेशसभाका सदस्यलाई जागरूक, जिम्मेवार तुल्याउन र प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउन, राज्यका हरेक नागरिकलाई शिक्षित र स्वस्थ बनाउन सके विकास र सामाजिक रूपान्तरणमा सघाउ पुग्ने हुँदा सो सन्दर्भमा यो समितिको महत्वपूर्ण भूमिका रहन्छ।

## १.२. समितिको गठन प्रक्रियाः

सभामुखद्वारा मनोनयन भएका माननीय सदस्यहरू र सदस्यहरूले आफूमध्ये छानेको सभापति समेतबाट समिति गठन हुन्छ। सभामुखद्वारा सदस्यहरू मनोनयन भएपछि सभाद्वारा यसको अनुमोदन गरिन्छ। सदस्यहरूको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, खस, आर्य मधेसी, थारू, मुस्लीम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायसमेतको प्रतिनिधित्व गराउनुपर्ने प्रावधान कर्णाली प्रदेशसभा नियमावली, २०८१ ले गरेको छ। समितिमा ७ जना माननीय सदस्यहरू रहनु भएको छ। मिति २०८१ साल श्रावण २० गते आइतबार समितिका सभापति माननीय घनश्याम भण्डारी सामाजिक विकास मन्त्री र समितिका सदस्य माननीय राजीव विक्रम शाह आर्थिक मामिला तथा योजना मन्त्री नियुक्त हुनु भएको थियो।

मुख्यमन्त्री र विषयसँग सम्बन्धित विभागीय मन्त्री पदेन सदस्य रहने बाहेक कुनै पनि सदस्य एकभन्दा बढी समितिको सदस्य हुन पाउँदैन। समितिमा पदेन सदस्यको अतिरिक्त समितिमा ७ जना माननीय सदस्यहरू रहनु भएको छ। जसको विवरण अनुसूची-१ र अनुसूची-२ मा उल्लेख गरिएको छ।

## १.३. समितिको सचिवालयः

कर्णाली प्रदेशसभा नियमावली, २०८१ को नियम १७५ को उपनियम (१) बमोजिम प्रदेशसभा सचिवालयअन्तर्गत सामाजिक विकास समितिको सचिवालय रहेको छ। यस समितिमा प्रदेशसभा सचिवालयले तोकेका कर्मचारीहरू हुने र प्रदेशसभा सचिवले एक जना अधिकृतस्तरको कर्मचारीलाई समिति सचिव र अन्य सहायक कर्मचारीहरूलाई समिति सचिवालयको कामकाज गर्नको लागि तोक्ने व्यवस्था रहेको छ। यस समितिको सचिवालयमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची-३ मा उल्लेख गरिएको छ।

## १.४. समितिको काम, कर्तव्य र अधिकारः

समितिको काम संशोधनको सूचना परी सभाबाट समितिमा आएका विधेयकहरूलाई संशोधनसहित परिमार्जन, सुधार गरी परिस्कृत गर्नुका साथै सरकारलाई प्रदेशसभाप्रति जिम्मेवार तुल्याउनु र समितिको कार्यक्षेत्र भित्रका सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरूको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु हो। यसको अतिरिक्त समितिका काम, कर्तव्य र क्षेत्राधिकार निम्न बमोजिम रहेका छन्।

(१) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयकहरूमा दफावार छलफल गरी सोको प्रतिवेदन प्रदेशसभामा पेश गर्ने।

(२) मन्त्रालयअन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशनसहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।

(३) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न कर्णाली प्रदेश सरकारद्वारा के कस्ता कदम उठाइएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।

(४) सभाद्वारा प्रत्यायोजित अधिकारअन्तर्गत बनाइएको नियमहरू संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुसार काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।

(५) मन्त्रालय र मन्त्रालय मातहतका कार्यालय/निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने।

(६) समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्वन्धित मन्त्रालय, आयोग, निकाय तथा सरोकारवालाहरूसँग विषयविज्ञसहित आवश्यकता अनुसार छलफल, परामर्श गर्ने।

(७) संविधान, कानून, नियम वा सभाद्वारा तोकिएका अन्य कार्यहरू गर्ने।

(८) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने।

### १.५. समितिको कार्य क्षेत्रः

सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय, प्रादेशिक विषयवस्तुका सम्बन्धमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोगको वार्षिक प्रतिवेदन र सम्बद्ध विषय तथा निकायसम्वन्धी क्षेत्राधिकार रहेको छ।

# परिच्छेद-२
# सम्पादित कार्य

## २. समितिले सम्पादन गरेका कार्यहरूः

आर्थिक वर्ष २०८१/०८२ मा सामाजिक विकास समितिले विभिन्न महत्वपूर्ण कार्यहरू सम्पादन गरेको छ। यस समितिको गठनपश्चात् २०८२ असारसम्म जम्मा ५६ वटा बैठक बसेका छन्। समितिले आफ्नो आन्तरिक कार्यसञ्चालन कार्यविधि र कानूनको उत्तर-विधायिकी परीक्षण, अध्ययन तथा अनुसन्धान सम्वन्धी कार्यविधि, २०८१ निर्माण गरी पारित गरेको छ। यस वर्षका मुख्य उपलब्धिहरू निम्नअनुसार रहेकोछः

**महत्त्वपूर्ण विधेयकमाथिको गहन छलफल र प्रतिवेदन प्रस्तुतिः** यस वर्ष समितिमा विभिन्न विधेयकहरू प्राप्त भई सोमाथि दफावार छलफल, सरोकारवालासँगको परामर्श र संशोधन प्रस्तावमाथि छलफल गरी प्रदेशसभामा प्रतिवेदन प्रस्तुत गरिएको छ।

**उत्तर-विधायिकी परीक्षणको थालनी र अभ्यासः** समितिले प्रदेशमा बनेका ऐनहरूको कार्यान्वयन अवस्था, प्रभावकारिता र नागरिकमा परेको प्रभावको अध्ययन गर्न 'उत्तर-विधायिकी परीक्षण' (Post–legislative Scrutiny) को अभ्यास सुरु गरेको छ। प्रदेशमा यो अभ्यास पहिलो पटक भएकोले यसले संसदीय अनुगमनलाई थप सशक्त बनाएको छ।

**समिति बैठकहरूको निरन्तरता र निर्णय कार्यान्वयनः** वर्षभरि नियमित बैठकहरू बसी विभिन्न विषयमा छलफल, निर्णय र निर्देशन दिइएको छ। समितिका निर्णयहरू सम्बन्धित मन्त्रालय र निकायहरूमा पठाई कार्यान्वयनका लागि पहल गरिएको छ।

**विषयगत मन्त्रालय तथा निकायसँग समन्वय र अन्तरक्रियाः** सामाजिक विकास समितिअन्तर्गत पर्ने मन्त्रालय तथा निकायहरूसँग नियमित समन्वय र अन्तरक्रिया गरी उनीहरूका कार्य प्रगति, चुनौती र आगामी योजनाबारे जानकारी लिइएको छ। यसले सरकारलाई संसदप्रति जवाफदेही बनाउन मद्दत पुगेको छ।

## २.१. विधेयकमाथि छलफल तथा प्रतिवेदनः

### २.१.१. "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक"माथि छलफल तथा प्रतिवेदन पेशः

"दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेशसभा सचिवालयमा मिति २०८१ साल जेठ २७ गते दर्ता भएको थियो। मिति

२०८१ साल असार ३ गते सभामा टेवुल भएको थियो भने २०८१ साल असार २४ गते सभामा सैद्धान्तिक छलफल भएको थियो। मिति २०८१ साल असार २८ गते शुक्रबार बसेको दोस्रो कार्यकालको चौंथो अधिवेशनको चौबीसौं बैठकबाट "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि प्राप्त संशोधनसहित दफावार छलफल गरी समितिको निर्णय सहितको प्रतिवेदन सभामा पेश गर्न यस समितिमा प्राप्त भएको थियो। यस विधेयकमाथि संशोधन प्रस्तावसहित छलफल गरिएको थियो।

विधेयकमा माननीय इन्द्राकुमारी शाही, माननीय उर्मिला विश्वकर्मा, माननीय कल्याणी खड्का, माननीय कलबहादुर हमाल, माननीय कृष्णबहादुर जि.सी., माननीय घनश्याम भण्डारी, माननीय जीतबहादुर मल्ल, माननीय जुम्कित लामा (कार्की), माननीय टेकराज पछाई, माननीय दक्षिणा शाही, माननीय तुलसा मल्ल, माननीय बलिमाया बुढा, माननीय भीमप्रकाश शर्मा, माननीय लक्ष्मी सुनार, माननीय हिक्मतबहादुर बिष्टज्यूसहित १५ जनाले संशोधन प्रस्तावहरू राख्नु भएको थियो।

विधेयकमाथि छलफलका क्रममा माननीय सदस्यज्यूहरूले, माननीय मन्त्रीज्यू, संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरू, सम्वन्धित मन्त्रालयका सचिव, कानून सचिव र मन्त्रालयका कर्मचारीहरूसँगसमेत वृहत् छलफल गरिएको थियो। संशोधनमाथि छलफल गर्ने क्रममा राय, सुझावहरू र विधेयकको मनसाय, आवश्यकता, महत्व, भविष्यको प्रभावकारिता र असरलाई ध्यानमा राखी घनीभूतरुपमा छलफल गरिएको थियो। समितिको मिति २०८१ साल चैत्र ६ गते बुधबारको ४३ औं बैठकबाट विधेयकको प्रतिवेदन पारित गरी प्रदेशसभामा पेश गरेको थियो।

### २.१.२. "कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"माथि छलफल तथा प्रतिवेदन पेशः

"कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेशसभा सचिवालयमा मिति २०८१ साल फागुन ४ गते दर्ता भएको थियो। मिति २०८१ साल फागुन ९ गते सभामा टेवुल भएको थियो भने २०८१ साल फागुन ११ गते सभामा सैद्धान्तिक छलफल भएको थियो। मिति २०८१ साल फागुन २१ गते बिहीबार बसेको दोस्रो कार्यकालको पाँचौं अधिवेशनको तेह्रौं बैठकबाट "कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि प्राप्त संशोधनसहित दफावार छलफल गरी समितिको निर्णय सहितको प्रतिवेदन सभामा पेश गर्न यस समितिमा प्राप्त भएको थियो।

विधेयकमा माननीय कलबहादुर हमाल, माननीय कल्याणी खड्का, माननीय जीतबहादुर मल्ल, माननीय जुम्कित लामा (कार्की), माननीय टेकराज पछाई, माननीय दक्षिणा शाही, माननीय दुर्गबहादुर रावत, माननीय तुलसा मल्ल, माननीय बलिमाया बुढा, माननीय भीमप्रकाश शर्मा, माननीय मिलन खड्का (रोका), माननीय लक्ष्मी सुनार, माननीय हिक्मतबहादुर बिष्टज्यूसहित १३ जना माननीय सदस्यज्यूहरूले संशोधन प्रस्तावहरू राख्नु भएको थियो।

विधेयकमाथि छलफलका क्रममा माननीय सदस्यज्यूहरू, माननीय मन्त्रीज्यू, संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरू, कानून सचिव, सम्वन्धित मन्त्रालयका सचिव र कर्मचारीहरूसँग समेत संशोधन प्रस्तावसहित विधेयकको मनसाय, आवश्यकता, महत्व, भविष्यको प्रभावकारिता र असरलाई ध्यानमा राखी घनीभूतरुपमा छलफल गरिएको थियो। सोही छलफलका आधारमा तयार गरिएको प्रतिवेदन समितिको मिति २०८१ साल चैत्र ११ गते सोमबारको ४८ औं बैठकबाट पारित गरी प्रदेशसभामा पेश गरिएको थियो।

यो विधेयकमा समितिले ऐन कार्यान्वयन मापनको व्यवस्था समावेश गर्न विधेयक प्रस्तुतकर्ता विभागीय मन्त्रीज्यूलाई सहमत गराएको थियो। जसमा माननीय मन्त्रीज्यूले ऐन कार्यान्वयन मापन राम्रो प्रावधान भएको बारे सकारात्मक धारणा राख्नु भएको थियो। विधेयकको प्रतिवेदनमा विधेयकको दफा २३ पछि देहायको दफा २४ थप गरी दफाक्रम मिलाउने भनी दफा २४ थप गर्ने प्रावधान समावेश गरिएको थियो। जुन यस प्रकार रहेको थियोः *"२४. ऐन कार्यान्वयन मापनः यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन प्रदेशसभाको सम्वन्धित समितिमा पेश गर्नु पर्नेछ।"*

## २.१.३. "कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि छलफल तथा प्रतिवेदन पेशः

"कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई पहिलो संशोधन गर्न बनेको विधेयक, २०८०" प्रदेशसभा सचिवालयमा मिति २०७९ साल चैत्र १२ गते आइतबारका दिन दर्ता भएको थियो । मिति २०७९ साल चैत्र १९ गते आइतबारका दिन सभामा टेवुल भएको थियो भने २०८० साल वैशाख ७ गते बिहीबारको सभामा सैद्धान्तिक छलफल भएको थियो। मिति २०८० साल वैशाख १७ गते आइतबारका दिन बसेको दोस्रो कार्यकालको पहिलो अधिवेशनको पन्ध्रौं बैठकबाट "कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथि प्राप्त संशोधनसहित दफावार छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन सभामा पेश गर्न यस समितिमा प्राप्त भएको थियो।

यस विधेयकमा माननीय कल्याणी खड्का, माननीय कलबहादुर हमाल, माननीय जीतबहादुर मल्ल, माननीय जीवनबहादुर शाही, माननीय जुम्कित लामा (कार्की), माननीय दुर्गबिहादुर रावत, माननीय बलिमाया बुढा, माननीय मिलन खड्का (रोका), माननीय रणसिंह परियार, माननीय विजया बुढा, माननीय विन्दमान विष्ट, माननीय वीरबहादुर शाही, माननीय सुरेश अधिकारीज्यूले संशोधन प्रस्तावहरू राख्नु भएको थियो।

यस विधेयकमाथि समितिको मिति २०८० भाद्र ६ गते, २०८० साल असोज १७ र १९ गते एवम् २०८० मंसिर २१ गते गरी ४ वटा बैठक बसी छलफल भएको थियो। विधेयकलाई थप परिमार्जन गरी स्पष्ट पार्नुपर्ने र केही छुटेका विषय थप गर्नुपर्ने भएकोले फिर्ता गरिदिन माग भएको र संशोधन विधेयक फिर्ता लिने मन्त्रालयको पत्रसमेत समितिलाई प्राप्त भए बमोजिम समितिबाट विधेयक फिर्ता पठाउने निर्णय भएकाले "कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई पहिलो संशोधन गर्न बनेको विधेयक, २०८०"लाई सम्मानित सभाबाटै फिर्ता पठाउनुपर्ने राय सहितको प्रतिवेदन सभामा पेश गरिएको थियो।

विधायिकी कार्यका साथ साथै समितिको क्षेत्राधिकार भित्र पर्ने मन्त्रालयहरुमा बजेट कार्यान्वयनको अवस्था, सेवा प्रवाहको अवस्था, कार्यक्रम कार्यान्वयनको अवस्था जस्ता विभिन्न क्षेत्रहरुका सन्दर्भमा सम्बन्धित मन्त्रालयका मन्त्री र सचिवसँग समेत छलफल गरी विभिन्न विषयमा सुझावहरू दिएको छ।

### २.१.४. कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०८१ सभामा पेशः

समितिले स्वास्थ्य सेवा ऐनको उत्तर-विधायिकी परीक्षण गर्ने सन्दर्भमा विभिन्न सरोकारवाला निकाय तथा सर्वसाधारणसँग अन्तरक्रिया तथा छलफल गरी २०८१ साल फागुन ८ गते बिहीबार बसेको दोस्रो कार्यकालको पाँचौं अधिवेशनको नवौं बैठकमा 'कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०८१' लाई सभामा पेश गरिएको थियो।

उत्तर-विधायिकी परीक्षण कानूनको मापन अथवा मूल्याङ्कन गर्ने प्रणाली हो। उत्तर-विधायिकी परीक्षण (पोस्ट लेजिस्लेटिभ स्कुटनी-पि.एल.एस.) कानून निर्माणको अन्तिम चरण अर्थात् उत्तर-विधायिकी चरणमा गरिन्छ। उत्तर-विधायिकी परीक्षण सभाबाट निर्माण भएका कुनै कानूनसँग सम्बन्धित सवालहरूको जवाफ खोज्ने र सूचनाहरूको सङ्कलन गर्ने व्यवस्थित प्रक्रिया हो। कानून कार्यान्वयनमा गइसकेपछि के भयो वा भएन र किन भयो वा भएन भन्ने विषयमा जानकारी हुने र

यसैका आधारमा कानूनमा गर्नुपर्ने आवश्यक सुधारका उपायहरू पहिचान हुने गर्दछ। कानूनमा भएका दोहोरोपना हटाउने, निष्प्रभावी प्रावधानहरू भए खारेज गर्ने, आवश्यक नयाँ कानून निर्माणको लागि वातावरण निर्माण गर्नेलगायतका कार्यहरू हुने हुँदा गुणस्तरीय कानून निर्माण र यसको प्रभावकारी कार्यान्वयनलाई सहज बनाउँछ। कानूनको कार्यान्वयन तोकिएको समयदेखि भयो कि भएन, आवश्यक नियम, विनियम, निर्देशिका, कार्यविधि बनाइयो बनाइएन, संरचना भए गठन गरियो, गरिएन साथै कानूनको उद्देश्य बमोजिम कानूनको कार्यान्वयन भएको छ छैन? भन्ने विषयहरूको जानकारी हुन्छ। यसरी गरिने परीक्षणबाट गुणस्तरीय कानून निर्माणका साथै सरकारलाई सभाप्रति थप जवाफदेही बनाउने गर्दछ।

उत्तर-विधायिकी परीक्षण कानूनको बहुआयामिक प्रभावको सम्बन्धमा अध्ययन अनुसन्धान पनि हो। तथ्यांकमा आधारित नीति र गुणस्तरीय नियम निर्माणका लागि शोध अनुसन्धान अपरिहार्य छ। त्यसैले कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षणको प्रक्रिया, ऐनको कार्यान्वयनको अवस्था र कार्यान्वयनका क्रममा देखिएका चुनौतीबारे अध्ययन गरिएको थियो। साथै यो कर्णाली प्रदेशकै पहिलो उत्तर-विधायिकी परीक्षण भएकाले भविष्यमा यस्तै प्रकारका अन्य ऐनको कार्यान्वयन मापन मूल्याङ्कनमा समितिले तयार गरेको प्रतिवेदन मार्गदर्शक सामग्रीका रूपमा हुनेसमेत अपेक्षा गरिएको छ।

कर्णाली प्रदेशमा उत्तर-विधायिकी परीक्षण पहिलो प्रयास भए पनि यसको प्रभाव क्षेत्र निकै व्यापक छ। यो प्रक्रिया प्रदेशसभाको विधायन र कार्यक्षमतामा नयाँ आयाम थप्न सफल हुने विश्वास समितिको रहेको छ। कानून कार्यान्वयनमा भएका चुनौतीहरूको पहिचान, सरोकारवालाहरूको सहभागिता र नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न गरिएको यो प्रयास ऐतिहासिक छ। उत्तर-विधायिकी परीक्षणले ऐनको कार्यान्वयनमा आवश्यक संशोधन र सुधारका लागि आधार तयार गर्छ।

## २.२. समितिको बैठकका निर्णय तथा अन्य कामकारवाहीहरू:

मिति २०८१ श्रावण १ देखि २०८२ असार मसान्तसम्म जम्मा २९ वटा बैठक सम्पन्न भएका छन्। यस अवधिमा भएका समितिका बैठकहरू, बैठकले गरेका निर्णयहरू निम्नानुसार रहेका छन्:

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| १ | २७ | २०८१ श्रावण १५ गते | **निर्णय नं. १.** कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण (कार्यान्वयन र प्रभाव मूल्याङ्कन) सम्वन्धमा विभिन्न जिल्लाहरूमा सञ्चालन भएको सार्वजनिक सुनुवाई/अन्तरक्रिया कार्यक्रमहरूबाट प्राप्त भएका सुझावहरुलाई समेटेर तयार गरिएको प्रतिवेदनको मस्यौदामाथि प्रारम्भिक छलफल भयो।<br><br>**निर्णय नं. २.** मौसम प्रतिकूलताका कारणले स्थगित भएको कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण (कार्यान्वयन र प्रभाव मूल्याङ्कन) गर्ने पूर्व निर्धारित कार्यक्रम मौसममा सुधार आएपछि सञ्चालन गर्ने निर्णय गरियो।<br><br>**निर्णय नं. ३.** कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षणको प्रतिवेदनको मस्यौदामाथि सरोकारवाला निकायको राय, सुझाव सङ्कलनका लागि सुर्खेतमा उपयुक्त समयमा कार्यक्रम सञ्चालन गर्ने र उक्त कार्यक्रमको तयारी गर्न सचिवालयलाई जिम्मेवारी दिने निर्णय गरियो। |
| २ | २८ | २०८१ कार्तिक २७ गते | **निर्णय नं. १.** मिति २०८१ साल श्रावण २० गते आइतबार यस समितिका सभापति माननीय घनश्याम भण्डारी सामाजिक विकास मन्त्री र समितिका सदस्य माननीय राजीव विक्रम शाह आर्थिक मामिला तथा योजना मन्त्री हुनु भएकोमा उहाँहरूलाई बधाइसहित कार्यकाल सफलताको शुभकामना दिने निर्णय गरियो। |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | **निर्णय नं. २.** मिति २०८१ साल श्रावण २८ गते बसेको चौथो अधिवेशनको सत्ताइसौं बैठकबाट समिति हेरफेर भई यस समितिमा आउनु भएका माननीय रणसिंह परियार, मिति २०८१ साल असोज १२ गते बसेको चौथो अधिवेशनको अठ्ठाइसौं बैठकबाट यस समितिमा आउनु भएका माननीय खड्गबहादुर पोखरेल र माननीय पूर्णबहादुर खत्री र मिति २०८१ साल असोज १५ गते बसेको चौथो अधिवेशनको एकतीसौं बैठकबाट समितिमा आउनु भएका माननीय जीतबहादुर मल्ललाई यस समितिमा स्वागत गर्ने निर्णय गरियो।<br><br>**निर्णय नं. ३.** मिति २०८१ साल असोज १५ गते बसेको चौथो अधिवेशनको एकतीसौं बैठकबाट समिति हेरफेर हुँदा यस समितिमा रहनु भएका माननीय कलबहादुर हमाल अर्थ तथा प्राकृतिक स्रोत समितिमा जानु भएकाले उहाँले यस समितिमा हालसम्म पुऱ्याउनु भएको योगदानको कदर गर्दै आगामी दिनमा उहाँको कार्यकाल सफलताको लागि शुभकामना दिने निर्णय गरियो।<br><br>**निर्णय नं. ४.** यस समितिका सदस्य माननीय जुम्कित लामा (कार्की)ज्यूको श्रीमान् तथा हुम्ला जिल्ला सर्केगाड गाउँपालिकाका उपाध्यक्ष श्री चन्द्रसिंह कार्कीको मिति २०८१ साल भाद्र ४ गते सुर्खेतबाट कार्यक्षेत्र हुम्ला जाने क्रममा छिन्चु नजिक सवारी दुर्घटनामा परी असमायिक निधन भएकोमा श्रद्धासुमनसहित शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।<br><br>**निर्णय नं. ५.** कर्णाली प्रदेशसभाको मिति २०८१ साल असार २८ गते शुक्रवार बसेको दोस्रो कार्यकालको चौथो अधिवेशनको चौबीसौं बैठकबाट समितिमा प्राप्त भएको "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | प्रारम्भिक छलफल गरियो। |
| ३ | २९ | २०८१ माघ १० गते | **निर्णय नं.** १. माननीय जीतबहादुर मल्ल प्रस्तावक र माननीय रणसिंह परियार समर्थक रहनु भई माननीय पूर्णबहादुर खत्रीज्यूलाई सभापति पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको एउटा मात्र सूचना प्राप्त हुन आएकाले कर्णाली प्रदेशसभा नियमावली, २०८१ को नियम १५८ को उपनियम २ बमोजिम बैठकको सभापतित्व गर्नुभएका समितिका ज्येष्ठ सदस्य माननीय खड्गबहादुर पोखरेलले माननीय पूर्णबहादुर खत्रीलाई सामाजिक विकास समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुभयो।<br><br>**निर्णय नं.** २. समितिका सबै माननीय सदस्यहरूले सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएका माननीय पूर्णबहादुर खत्रीज्यूलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। |
| ४ | ३० | २०८१ माघ ११ गते | **निर्णय नं. १.** सभापतिज्यूले सामाजिक विकास समितिको सभापति पदमा निर्विरोध निर्वाचित गर्नु भएकोमा समितिका सबै माननीय सदस्यहरूलाई धन्यवाद दिनुभयो।<br><br>**निर्णय नं. २.** कर्णाली प्रदेशसभाको मिति २०८१ साल असार २८ गते शुक्रवार बसेको दोस्रो कार्यकालको चौथो अधिवेशनको चौविसौं बैठकबाट समितिमा प्राप्त भएको "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"लाई यस समितिका माननीय सदस्यहरूको उपस्थितिमा मिति २०८१ साल पौष १९ गते दलित अधिकारका लागि एकीकृत आन्दोलन नेपालसँग भएको सहमतिअनुसार यथाशक्य अगाडी बढाउने निर्णय गरियो।<br><br>**निर्णय नं. ३.** सामाजिक विकास समितिबाट हालसम्म भए |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | गरेका कामकारवाही र अभ्यासका सम्वन्धमा तथा समितिमा रहेका विधेयक, प्रतिवेदनलगायतका विषयमा समिति सचिवालयबाट जानकारी भयो र समितिले अवलम्वन गरेका असल अभ्यासहरूलाई निरन्तरता दिने निर्णय गरियो।<br><br>**निर्णय नं. ४.** सामाजिक विकास समितिको कार्य सञ्चालन कार्यविधि, २०८० लाई कर्णाली प्रदेशसभा नियमावली, २०८१ बमोजिम गर्नु पर्ने संशोधनको मस्यौदा तयार गर्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो। |
| ५ | ३१ | २०८१ माघ १४ गते | **निर्णय नं. १.** समितिमा प्राप्त भएको "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि छलफल गरियो।<br><br>**निर्णय नं. २.** मिति २०८१ माघ १५ गते बिहान ११:०० बजे समितिमा छलफलको क्रममा रहेको "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का विषयमा दलित अधिकारकर्मी तथा दलित समुदायका अगुवाहरूसँग छलफल गर्ने निर्णय गरियो। |
| ६ | ३२ | २०८१ माघ १५ गते | **निर्णय नं. १.** समितिमा छलफलको क्रममा रहेको "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"का सम्वन्धमा आज बिहान दलित अधिकारकर्मी तथा दलित समुदायका अगुवाहरूसँग भएको छलफल/अन्तरक्रिया कार्यक्रमको समीक्षा गरियो।<br><br>**निर्णय नं. २.** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा छलफल गर्नका लागि संशोधनकर्ता माननीय सदस्यज्यूहरु र सामाजिक विकास मन्त्रीज्यूलाई मिति |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | २०८१ साल माघ १८ गते बिहान ११:०० बजे बस्ने समितिको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो। |
| ७ | ३३ | २०८१ माघ १८ गते | **निर्णयः** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सामाजिक विकास मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यज्यूहरु, कानून सचिव, सामाजिक विकास मन्त्रालयका निमित्त सचिवज्यूसँग छलफल भयो। थप छलफलका लागि समितिको अर्को बैठक भोलि मिति २०८१ साल माघ १९ गते शनिवार बिहान ७:०० बजे बस्ने निर्णय गरियो। |
| ८ | ३४ | २०८१ माघ १९ गते | **निर्णय नं. १.** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सामाजिक विकास मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यज्यूहरु, कानून सचिवज्यूसँग छलफल भयो।<br><br>**निर्णय नं. २.** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि थप छलफल गर्न सामाजिक विकास मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यज्यूहरूको समय अनुकूल हुने गरी अर्को बैठकको मिति तय गर्ने निर्णय गरियो। |
| ९ | ३५ | २०८१ फागुन ६ गते | **निर्णय नं. १.** समितिका सभापति माननीय पूर्णबहादुर खत्रीज्यू देश बाहिर जानु भएको समयमा स्वास्थ्य परीक्षण गर्नुपर्ने भएको भनी माननीय सभापतिज्यूबाट जानकारी भएकोमा उहाँको शीघ्र स्वास्थ्य लाभको लागि कामना गर्ने निर्णय गरियो।<br><br>**निर्णय नं. २.** यस समितिको मिति २०८० साल माघ २२ गते सोमवार बसेको १२ औं बैठकबाट समितिमा |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | छलफलको क्रममा रहेको "कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"लाई फिर्ता पठाउने समितिको प्रतिवेदन सभामा पेश गर्ने निर्णय भएकोमा उक्त प्रतिवेदन समितिका जेष्ठ सदस्य माननीय खड्गबहादुर पोखरेलले सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।<br><br>**निर्णय नं. ३.** कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण (कार्यान्वयन र प्रभाव मूल्याङ्कन) सम्वन्धमा विभिन्न जिल्लाहरूमा सञ्चालन भएको सार्वजनिक सुनुवाई/अन्तरक्रिया कार्यक्रमहरूबाट प्राप्त भएका सुझावहरुलाई समेटेर तयार गरिएको प्रतिवेदनको मस्यौदामाथि छलफल गरियो।<br><br>**निर्णय नं. ४.** कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण (कार्यान्वयन र प्रभाव मूल्याङ्कन) सम्वन्धमा विभिन्न जिल्लाहरूमा सञ्चालन भएको सार्वजनिक सुनुवाई/अन्तरक्रिया कार्यक्रमहरूबाट प्राप्त भएका सुझावहरुलाई समेटेर तयार गरिएको प्रतिवेदनको विषयमा छलफल गर्न सामाजिक विकास मन्त्री र सचिवज्यूलाई आज बिहान १०:३० बजे बस्ने समितिको बैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो। |
| १० | ३६ | २०८१ फागुन ६ गते | **निर्णय नं. १.** कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०८१ का सम्वन्धमा सामाजिक विकास मन्त्रीज्यू र सचिवज्यूसँग छलफल गरियो।<br><br>**निर्णय नं. २.** कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०८१ सर्वसम्मत रुपमा पारित गरी सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो। |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| ११ | ३७ | २०८१ फागुन १९ गते | **निर्णय नं. १.** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि छलफल गरियो।<br><br>**निर्णय नं. २.** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि थप छलफल गर्न सामाजिक विकास मन्त्रीज्यू, सामाजिक विकास मन्त्रालयका सचिवज्यू र कानून सचिवज्यूसँग मिति २०८१ साल फागुन २१ गते बुधवारको सभा बैठक सकिए लगत्तै बस्ने गर्ने निर्णय गरियो। |
| १२ | ३८ | २०८१ फागुन २१ गते | **निर्णय नं. १.** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"माथि सामाजिक विकास मन्त्रीज्यू र सामाजिक विकास मन्त्रालयका सचिवज्यूसँग छलफल गरियो।<br><br>**निर्णय नं. २.** समितिको अर्को बैठक मिति २०८१ साल फागुन २४ बस्ने शनिवार बिहान ७:३० बजे बस्ने र उक्त बैठकमा "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सामाजिक विकास मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यज्यूहरू, सामाजिक विकास मन्त्रालयका सचिवज्यू र कानून सचिवज्यूसँग छलफल गर्ने निर्णय गरियो। |
| १३ | ३९ | २०८१ फागुन २४ गते | **निर्णयः** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सामाजिक विकास मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यज्यूहरु, सामाजिक विकास मन्त्रालयका सचिवज्यू, प्रदेश सरकारका कानून सचिवज्यूसँग संशोधन क्रम संख्या २९ देखि ५२ सम्म छलफल गरियो। |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| १४ | ४० | २०८१ चैत्र ३ गते | **निर्णयः** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सामाजिक विकास मन्त्रीज्यू, संशोधन प्रस्तावकर्ता माननीय सदस्यज्यूहरू, सामाजिक विकास मन्त्रालयका सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव (कानून)ज्यूसँग छलफल भयो। |
| १५ | ४१ | २०८१ चैत्र ४ गते | **निर्णयः** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सामाजिक विकास मन्त्रीज्यू, संशोधन प्रस्तावकर्ता माननीय सदस्यज्यूहरू, सामाजिक विकास मन्त्रालयका सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव (कानून)ज्यूहरूसँग भएको छलफलको आधारमा तयार गरिएको विधेयकको प्रतिवेदनका सम्वन्धमा छलफल गरियो। |
| १६ | ४२ | २०८१ चैत्र ६ गते<br>बिहान ८:०० बजे | **निर्णय नं.१.** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को प्रतिवेदनका सम्वन्धमा व्यापक छलफल गरियो।<br><br>**निर्णय नं.२.** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को प्रतिवेदन सभामा पेश गर्ने प्रयोजनका लागि विषयगत मन्त्रालयसँग मिति २०८१।१२।६ गते दिनको १२:३० बजे छलफल गर्ने निर्णय गरियो। |
| १७ | ४३ | २०८१ चैत्र ६ गते<br>दिनको १२:३० बजे | **निर्णय नं.१.** "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को तपसिल बमोजिमको प्रतिवेदन सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो। |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | **"दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक"को प्रतिवेदन-२०८१**<br>१. **दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि विधेयक भनिएको)**को प्रस्तावनामा रहेको "दलित समुदाय माथि हुने छुवाछूत तथा जातीय भेदभाव जस्ता असमान व्यवहारलाई अन्त्य गर्दै त्यस्तो समुदायको मानव अधिकारको संरक्षण र सामाजिक न्यायको सुनिश्चितता गर्न कर्णाली प्रदेशमा बसोबास गर्ने दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले, कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।" भन्ने वाक्यांशको सट्टा "दलित समुदाय माथि हुने छुवाछूत तथा जातीय भेदभावलगायतका असमान व्यवहारलाई अन्त्य गर्दै मानव अधिकारको संरक्षण र सामाजिक न्यायको लागि समतामूलक समाजको सुनिश्चितता गर्न कर्णाली प्रदेशमा बसोबास गर्ने दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले, कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।" भन्ने वाक्यांश राख्ने।<br>२. विधेयकको दफा २ को खण्ड (ज) मा रहेका “शैक्षिक संस्था” भन्ने शब्दहरूको पछि “भन्नाले” भन्ने शब्द थप गर्ने।<br>३. विधेयकको दफा ४ को उपदफा (१), (३), (५), (६) र (७) मा रहेका "गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "गर्नेछ" भन्ने शब्द राख्ने।<br>४. विधेयकको दफा ६ को उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राख्ने:<br>"(२) दलित समुदायका व्यक्तिलाई जीविकोपार्जनसँग सम्वन्धित स्वरोजगारमूलक व्यावसायिक सीप |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | विकास तालिमको लागि प्राथमिकता दिइनेछ।"<br>५. विधेयकको दफा ८ मा रहेका "गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "गर्नेछ" भन्ने शब्द राख्ने।<br>६. विधेयकको दफा ९ को उपदफा (२) मा रहेका "रोग लागेमा" भन्ने शब्दहरूको पछाडि "वा आकस्मिक दुर्घटनाबाट गम्भीर घाइते भएमा" भन्ने शब्दहरू थप गर्ने ।<br>७. विधेयकको दफा १३ को उपदफा (१) को खण्ड (छ) मा रहेका "कम्तीमा एक जना महिला सहित तीन जना" भन्ने शब्दहरूको सट्टा "कम्तीमा दुई जना महिला सहित चार जना" भन्ने शब्दहरू राख्ने।<br>८. विधेयकको दफा १३ को उपदफा (१) को खण्ड (ज) लाई झिकी खण्डक्रम मिलाउने ।<br>९. विधेयकको दफा १४ को खण्ड (ग) मा रहेका "अनुगमन गर्दा घटना भएको देखिएमा" भन्ने शब्दहरू झिक्ने र "लेखी पठाउने" भन्ने शब्दहरूको सट्टा "समन्वय गर्ने" भन्ने शब्दहरू राख्ने।<br>१०. विधेयकको दफा १४ को खण्ड (घ) पछि देहायका खण्ड (ङ) देखि (ट) सम्म थपी खण्डक्रम मिलाउनेः<br>"(ङ) दलित समुदायबाट सञ्चालित परम्परागत पेशा, व्यवसायको व्यवसायीकरणको प्रबर्द्धन गर्न मन्त्रालयसँग समन्वय गर्ने,<br>(च) आवास र भूमिहीन, वादी, गन्धर्व, हलिया, बालिघरे, सुकुम्वासी दलित समुदायको तथ्याङ्क सङ्कलन गरी मन्त्रालय समक्ष पेश गर्ने,<br>(छ) प्रदेशभित्रका दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक तथा साँस्कृतिक अवस्थाको अध्ययन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्ने,<br>(ज) जातीय विभेद तथा छुवाछुतसम्बन्धी घटनाको |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्ने,<br>(झ) दलित समुदायको हकहितका लागि स्थानीय तहसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने,<br>(ञ) नवप्रवर्तन, आविष्कार, अनुसन्धान तथा सामाजिक रूपान्तरणको लागि योगदान पुऱ्याउने दलित समुदायका व्यक्तिलाई पुरस्कृत गर्न मन्त्रालयसँग सहकार्य गर्ने,<br>(ट) सहिद परिवार, घाइते, एकल महिला र अपाङ्गता भएका दलित समुदायका व्यक्तिका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने निकायसँग समन्वय गर्ने।"<br>११. विधेयकको दफा १५ को उपदफा (१)को खण्ड (ख) मा रहेका "तीन जना" भन्ने शब्दहरूको सट्टा "एक जना" भन्ने शब्दहरू राख्ने।<br>१२. विधेयकको दफा १६ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी खण्डक्रम मिलाउने:<br>"(च) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्सँग समन्वय गरी सम्बन्धित स्थानीय तहको उद्यम विकास शाखामा परम्परागत सीप परीक्षणका लागि आवेदन भर्ने र सीप परीक्षण कार्यमा सहजीकरण गर्ने,"<br><br>__निर्णय नं.२.__ "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"को समितिबाट सर्वसम्मत पारित प्रतिवेदन सभाको बैठकमा पेश गर्ने निर्णय गरियो। |
| १८ | ४४ | २०८१ चैत्र ७ गते | __निर्णय नं.१.__ "कर्णाली प्रदेश बीउ बिजनसम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक" र उक्त विधेयकमाथि माननीय सदस्यज्यूहरूको संशोधन प्रस्तावलगायतका |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | विषयमा छलफल भयो।<br><br>**<u>निर्णय नं.२</u>.** मिति २०८१ साल चैत्र ८ गते शुक्रबार बिहान ७:३० बजे "कर्णाली प्रदेश बीउ बिजन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यू, संशोधन प्रस्तावकर्ता माननीय सदस्यज्यूहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानून सचिवज्यू, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यू, कानून अधिकृतज्यूसँग छलफल गर्ने निर्णय गरियो।<br><br>**<u>निर्णय नं.२</u>.** राउटे समुदायको शिक्षा, स्वास्थ्य, सुरक्षा, मौलिकता र जीवनशैली सम्वन्धमा विज्ञ, राउटे समुदायका लागि काम गरिरहेका संघसंस्था र सरोकारवालाहरूसँग छलफल/अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो। |
| १९ | ४५ | २०८१ चैत्र ८ गते | **<u>निर्णय नं.१</u>.** भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यू, संशोधन प्रस्तावकर्ता माननीय सदस्यज्यूहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव (कानून)ज्यू, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यू, कानून अधिकृतज्यूसँग "कर्णाली प्रदेश बीउ बिजनसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक" माथि माननीय सदस्यज्यूहरूले राख्नु भएको संशोधन प्रस्तावको क्र.सं. १८ सम्म छलफल गरियो।<br><br>**<u>निर्णय नं.२</u>.** "कर्णाली प्रदेश बीउ बिजनसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक" माथि थप छलफल गर्न संशोधन प्रस्तावकर्ता माननीय सदस्यज्यूहरूसहित मिति २०८१ साल चैत्र १० गते आइतबार बिहान ७:३० बजे बैठक बस्ने निर्णय गरियो। |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| २० | ४६ | २०८१ चैत्र १० गते | **<u>निर्णय नं.१</u>.** "कर्णाली प्रदेश बीउ बिजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" माथि भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यू, संशोधन प्रस्तावकर्ता माननीय सदस्यज्यूहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानून सचिवज्यू, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यू, कानून अधिकृतज्यूसँग संशोधन प्रस्तावको क्र.सं. १९ देखि २९ सम्म छलफल गरियो।<br><br>**<u>निर्णय नं.२</u>.** "कर्णाली प्रदेश बीउ बिजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" माथि भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यू, संशोधन प्रस्तावकर्ता माननीय सदस्यज्यूहरूसँग भएको छलफलको आधारमा प्रतिवेदन तयार गर्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।<br><br>**<u>निर्णय नं.३</u>.** "कर्णाली प्रदेश बीउ बिजनसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक" को प्रतिवेदनका सम्वन्धमा छलफल गर्न भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यू र मन्त्रालयका सचिवज्यूसँग छलफल गर्न आज मिति २०८१ साल चैत्र १० गते बेलुका ५:१५ बजे समितिको अर्को बैठक बस्ने निर्णय गरियो। |
| २१ | ४७ | २०८१ चैत्र १० गते | **<u>निर्णय नं.१</u>.** "कर्णाली प्रदेश बीउ बिजन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक"को प्रतिवेदनमाथि छलफल गरियो।<br><br>**<u>निर्णय नं.२</u>.** "कर्णाली प्रदेश बीउ बिजन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक"को प्रतिवेदन सबै माननीय सदस्यज्यूहरूलाई वितरण गरियो।<br><br>**<u>निर्णय नं.३</u>.** "कर्णाली प्रदेश बीउ बिजन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक"को प्रतिवेदनलाई अन्तिम रुपम दिन भोलि मिति २०८१ साल चैत्र ११ गते |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | सोमवार समितिको बैठक बस्ने निर्णय गरियो। |
| २२ | ४८ | २०८१ चैत्र ११ गते | <u>**निर्णय नं.१**</u>. "कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"को तपसिल बमोजिमको प्रतिवेदन सर्वसम्मतरूपमा पारित गर्ने निर्णय गरियो।<br><br>**"कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"को प्रतिवेदन-२०८१**<br><br>१. **"कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" (यसपछि विधेयक भनिएको)**को प्रस्तावनामा रहेका "सर्वसाधारण जनता" भन्ने शब्दहरूको सट्टा "आम नागरिक" भन्ने शब्दहरू राख्ने।<br>२. विधेयकको दफा २ को खण्ड (ज) मा रहेको “ओभ्यूल” भन्ने शब्दको सट्टा “बिजाण्ड” भन्ने शब्द राख्ने।<br>३. विधेयकको दफा ३ को उपदफा (१) को खण्ड (च) मा रहेका "सहकारी संस्था वा" भन्ने शब्दहरूको पछि "रैथाने तथा प्राङ्गारिक" भन्ने शब्दहरू थप गर्ने।<br>४. विधेयकको दफा ४ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने;-<br>"(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूमध्ये वरिष्ठतम अधिकृतले बैठकको अध्यक्षता गर्नेछ।"<br>५. विधेयकको दफा ५ मा रहेको "उपदफा (२)" भन्ने |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
| --- | --- | --- | --- |
| | | | शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राख्ने।<br>६. विधेयकको दफा ६ को उपदफा (१) को खण्ड (छ) मा रहेका "बीउ बिजन" भन्ने शब्दहरूको पछि "शाखा वा बीउ बिजन" भन्ने शब्दहरू थप गर्ने।<br>७. विधेयकको दफा ८ को उपदफा (१) को खण्ड (घ) मा रहेको "नगरेको" भन्ने शब्दको पछि "एकीन" भन्ने शब्द थप गर्ने।<br>८. विधेयकको दफा २३ मा देहायको उपदफा (४) थप गर्नेः-<br>"(४) यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्यमा बीउ बिजन सम्बन्धी संघीय ऐन बमोजिम हुनेछ।"<br>९. विधेयकको दफा २३ पछि देहायको दफा २४ थप गरी दफाक्रम मिलाउनेः,<br>"२४. <u>**ऐन कार्यान्वयन मापनः**</u> यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन प्रदेशसभाको सम्वन्धित समितिमा पेश गर्नु पर्नेछ।"<br>१०. विधेयकको अनुसूची-१ मा रहेको "मैले/हामीले" भन्ने शब्दहरूको पछि "कर्णाली प्रदेश" भन्ने शब्दहरू राख्ने।<br>११. विधेयकको अनुसूची-१ को क्रमसंख्या ६.१ मा रहेको "खेतबारीमा" भन्ने शब्दको पछि "माटो जाँच सहितको" भन्ने शब्दहरू थप गर्ने । |

कर्णाली प्रदेशसभा सामाजिक विकास समिति कर्णाली प्रदेश

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | १२. विधेयकको अनुसूची-१ को द्रष्टव्यको खण्ड (ख) मा रहेको "जातको बंशज समेतको" भन्ने शब्दहरू झिक्ने।<br>१३. विधेयकको अनुसूची-२ मा रहेको "बीउ विजन ऐन, २०८१" भन्ने शब्दहरूको अगाडी "कर्णाली प्रदेश" भन्ने शब्दहरू राख्ने।<br>१४. विधेयकको अनुसूची-३ मा रहेको "बीउ विजन ऐन, २०८१" भन्ने शब्दहरूको अगाडी "कर्णाली प्रदेश" भन्ने शब्दहरू राख्ने।<br>**निर्णय नं.२.** "कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"को समितिबाट सर्वसम्मत पारित प्रतिवेदन सभाको बैठकमा पेश गर्ने निर्णय गरियो। |
| २३ | ४९ | २०८१ चैत्र १७ गते | **निर्णय नं. १.** माननीय सभापतिज्यूले आफ्नो अनुपस्थितिमा बैठक सञ्चालन गर्न महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने समितिका ज्येष्ठ सदस्यलगायत समिति सदस्यहरूलाई धन्यवाद दिनुभयो।<br>**निर्णय नं. २.** सामाजिक विकास समितिको कार्य सञ्चालन कार्यविधि, २०८० लाई कर्णाली प्रदेशसभा नियमावली, २०८१ बमोजिम गर्नुपर्ने संशोधनको मस्यौदा तयार गर्न समिति सचिवालयलाई निर्देशन दिएकोमा उक्त मस्यौदाउपर छलफल गरियो। |
| २४ | ५० | २०८१ चैत्र १८ गते | **निर्णयः** सामाजिक विकास समितिको कार्य सञ्चालन कार्यविधि, २०८१ लाई पारित गर्ने निर्णय गरियो। |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| २५ | ५१ | २०८२ बैशाख २६ गते | **निर्णय नं. १.** आगामी आ.व. २०८२/०८३ का लागि समितिका सम्भावित कार्यक्रमहरूका सन्दर्भमा छलफल भयो।<br><br>**निर्णय नं. २.** समितिले चालु आ.व. २०८१/०८२ मा गर्ने कार्ययोजनालगायतका विषयमा छलफल भयो।<br><br>**निर्णय नं. ३.** सामाजिक विकास मन्त्रालयसँग समन्वय गरी दलित, राउटे, अपाङ्गता भएका नागरिक, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकालगायतका क्षेत्रमा काम गरिरहेका संघसंस्थाहरूको विवरण (सम्पर्क व्यक्ति र नम्बर सहित) ७ (सात) दिनभित्र समितिमा प्राप्त हुने गरी उपलब्ध गराउन माग गर्ने निर्णय गरियो।<br><br>**निर्णय नं. ४.** आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटका सन्दर्भमा सामाजिक विकास मन्त्रालयको तयारी, कर्णाली प्रदेश खेलकूद विकास परिषद्को सदस्य सचिव नियुक्ति र दशौं राष्ट्रिय खेलकूदका सन्दर्भमा छलफल गर्न माननीय सामाजिक विकास मन्त्री र सचिवज्यूलाई मिति २०८२ साल बैशाख २९ गते बिहान ८:०० बजे समितिमा आमन्त्रण गर्ने निर्णय गरियो।<br><br>**निर्णय नं. ५.** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग समन्वय गरी कृषि क्षेत्रमा काम गरिरहेका संघसंस्थाहरूको विवरण (सम्पर्क व्यक्ति र नम्बर सहित) ७ (सात) दिनभित्र समितिमा प्राप्त हुने गरी उपलब्ध गराउन माग गर्ने निर्णय गरियो।<br><br>**निर्णय नं. ६.** मिति २०८२ साल बैशाख २८ गते बिहान |

कर्णाली प्रदेशसभा सामाजिक विकास समिति कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | ८:०० बजे "कर्णाली प्रदेशमा बाल संरक्षणको अवस्था, प्रयास र आगामी प्राथमिकता" विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने, उक्त कार्यक्रम आयोजना गर्न बाल अधिकारको क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाहरूसँग समन्वय गरी सञ्चालन गर्ने र उक्त कार्यक्रममा कर्णाली प्रदेशसभाका महिला माननीयज्यूहरू, सामाजिक विकास मन्त्रीज्यू, सामाजिक विकास मन्त्रालयका सचिवज्यू, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवज्यू, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवज्यू, कर्णाली प्रदेश योजना आयोग र बाल अधिकारको क्षेत्रमा कार्य गर्ने गैरसरकारी क्षेत्रका प्रतिनिधिहरूलाई आमन्त्रण गर्ने निर्णय गरियो। |
| २६ | ५२ | २०८२ बैशाख २९ गते | **निर्णयः** सामाजिक विकास मन्त्रालयको आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटका सन्दर्भमा हालसम्मको तयारी, कर्णाली प्रदेश खेलकूद विकास परिषद्को सदस्य सचिव नियुक्ति, कर्णाली प्रदेश रंगशाला निर्माणको प्रगति र दशौं राष्ट्रिय खेलकूदका सन्दर्भमा माननीय सामाजिक विकास मन्त्री र सचिवज्यूसँग छलफल भयो। |
| २७ | ५३ | २०८२ जेठ २० गते | **निर्णयः** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट चालु आ.व. २०८१/०८२ मा मन्त्रालय र मन्त्रालय मातहतका निकायहरूबाट सम्पन्न भएका र सम्पन्न हुन बाँकी योजनाहरूको विषयमा छलफल भयो साथै आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटका सन्दर्भमा मन्त्रालयको तयारी के रहेको छ, आगामी वर्षका नीति, योजना र क्रियाकलापहरूमा बढी |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | प्राथमिकता के-के रहेका छन् भन्ने विषयमा छलफल भयो। |
| २८ | ५४ | २०८२ असार २३ गते | **<u>निर्णय नं. १.</u>** सामाजिक विकास समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन लेखनका लागि समिति सचिवालयलाई निर्देशन दिने।<br><br>**<u>निर्णय नं. २.</u>** मिति २०८२ असार ६ गते शुक्रवार समितिको आयोजनामा "राउटे समुदायको मौलिक पहिचानलाई संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूतिलगायतका विषयमा सरोकारवालाहरूसँग भएको अन्तरक्रिया कार्यक्रम"को समीक्षा गरियो।<br><br>**<u>निर्णय नं. ३.</u>** मिति २०८२ असार २६ गते बिहान ८:०० बजे राउटे समुदायको बसाइ रहेको क्षेत्र लेकबेशी नगरपालिका वडा नं. १०, झुप्राखोलामा स्थलगत अध्ययन, अवलोकन भ्रमण गर्ने निर्णय गरियो। |
| २९ | ५५ | २०८२ असार ३१ गते मंगलबार | **<u>निर्णय नं. १:</u>** समितिको आयोजनामा भएको "राउटे समुदायको मौलिक पहिचानलाई संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूतिलगायतका विषयमा सरोकारवाला हरूसँग भएको अन्तरक्रिया कार्यक्रम" र तत्पश्चात् मिति २०८२ असार २६ गते समितिबाट राउटे समुदायको बसाइ रहेको क्षेत्र लेकवेशी नगरपालिका वडा नं. १०, झुप्राखोलामा गरिएको स्थलगत अध्ययन, अवलोकन भ्रमणको समिक्षा गरियो।<br><br>**<u>निर्णय नं. २:</u>** राउटे समुदायको मौलिक पहिचानको संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूतिलगायतका विषयमा सामाजिक विकास मन्त्रालयबाट भए गरेका काम कारबाहीका सम्बन्धमा र बाल विवाह अन्त्यका लागि |

| क्र.सं. | बैठक संख्या | मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | प्रादेशिक रणनीतिलगायतका विषयमा जानकारी लिन मिति २०८२ श्रावण २ गते शुक्रवार बिहान सामाजिक विकास मन्त्रीज्यू र सामाजिक विकास मन्त्रालयका सचिवज्यूलाई समितिमा आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो। साथै उक्त बैठकमा मा. हिक्मतबहादुर बिष्ट, संसदीय मामिला पत्रकार समाजका अध्यक्ष देव राना, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य नगेन्द्र उपाध्याय र राउटे समुदायसँग काम गरिरहेको सोसेक नेपाल, दैलेखका प्रमुख तथा प्रतिनिधिलाई समितिमा आमन्त्रण गर्ने निर्णय गरियो।<br><br>**निर्णय नं. ३:** कर्णाली प्रदेशसभाको मिति २०८२/३/११ गतेको बैठकबाट कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कर्णाली प्रदेशसभाको मिति २०८२/३/२४ गतेको बैठकबाट समितिमा प्राप्त भएको "कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"का विषयमा जानकारी भयो। |
| ३० | ५६ | २०८२ असार ३२ गते बुधबार | **निर्णयः** "कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि प्रारम्भिक छलफल गरियो। यस विषयमा विषय विज्ञसहित थप छलफल गर्ने निर्णय गरियो। |

## २.३. समिति हेरफेरसम्बन्धी विवरणः

क. मिति २०८१ साल श्रावण २० गते आइतबार समितिका सभापति माननीय घनश्याम भण्डारी सामाजिक विकास मन्त्री र समितिका सदस्य माननीय राजीव विक्रम शाह आर्थिक मामिला तथा योजना मन्त्री नियुक्त हुनु भएको थियो।

ख. मिति २०८१ साल श्रावण २८ गते बसेको चौथो अधिवेशनको सत्ताइसौं बैठकबाट समिति हेरफेर भई यस समितिमा आउनु भएका माननीय रणसिंह परियार, मिति २०८१ साल असोज १२ गते बसेको चौथो अधिवेशनको अठ्ठाइसौं बैठकबाट यस समितिमा आउनु भएका माननीय खड्गबहादुर पोखरेल र माननीय पूर्णबहादुर खत्री र मिति २०८१ साल असोज १५ गते बसेको चौथो अधिवेशनको एकतीसौं बैठकबाट माननीय जीतबहादुर मल्ल सामाजिक विकास समितिमा आउनु भएको थियो।


ग. मिति २०८१ साल असोज १५ गते बसेको चौथो अधिवेशनको एकतीसौं बैठकबाट समिति हेरफेर हुँदा यस समितिमा रहनु भएका माननीय कलबहादुर हमाल अर्थ तथा प्राकृतिक स्रोत समितिमा जानु भएको थियो।

घ. समितिमा रहनु हुने माननीय सदस्यहरू हेरफेरपछि मिति २०८१ कार्तिक २७ गते समितिको बैठक बसेको थियो।

ङ. मिति २०८१ साल माघ १० गते बिहीबार सामाजिक विकास समितिको सभापति पदमा माननीय पूर्णबहादुर खत्री निर्विरोध निर्वाचित हुनुभएको थियो।

च. समितिका सभापति माननीय पूर्णबहादुर खत्री देश बाहिर जानु भएकाले समितिको बैठक संख्या ३५ देखि ४८ सम्म बसेको बैठकको सभापतित्व समितिका जेष्ठ सदस्य माननीय खड्गबहादुर पोखरेलले गर्नु भएको थियो।

## २.४. समितिको बैठकमा माननीयज्यूहरूको उपस्थिति विवरण (मिति २०८१ कार्तिक २७ गतेदेखि २०८२ असार मसान्तसम्म, जम्मा बैठक संख्या २८)




*(नोटः यो उपस्थिति बैठक संख्या २८ देखि बैठक संख्या ५६ सम्मको हो। समितिको २७ औं बैठक मिति २०८१ श्रावण १५ गते बसेको थियो। जसको विवरण यो स्तम्भ चित्रमा समावेश गरिएको छैन।)*

## २.५. समितिको बैठकमा विषयगत मन्त्रीज्यूहरूलाई आमन्त्रण गरिएको संख्याः

| क्र.सं. | मन्त्रीज्यूको नाम, थर | पद | उपस्थिति संख्या |
|---|---|---|---|
| १ | माननीय विनोद कुमार शाह | मन्त्री- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ५ |
| २ | माननीय घनश्याम भण्डारी | मन्त्री- सामाजिक विकास मन्त्रालय | ९ |

## २.६. समितिमा विधेयकको अवस्था

### २.६.१ समितिमा छलफल भई पारित भएका विधेयकको विवरणः

- दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।
- कर्णाली प्रदेश बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक।
- कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक (फिर्ता) *(सामाजिक विकास मन्त्रालयको च.नं. ६१९, मिति २०८० मंसिर ५ गतेको पत्र बमोजिम उक्त संशोधन विधेयकलाई फिर्ता पठाउने सम्वन्धमा समितिमा छलफल भई सोही बमोजिमको प्रतिवेदन सभामा पेश भई सभाबाट फिर्ता पठाइएको थियो)*

### २.६.२ समितिमा विचाराधिन विधेयकको विवरणः

२०८२ साल असार मसान्तसम्म तपसिलअनुसारका विधेयकहरू समितिमा विचाराधिन अवस्थामा रहेकाछन्:

<u>तपसिल</u>

| क्र.सं | विधेयकको नाम | सचिवालयमा दर्ता भएको मिति | सभामा टेबुल भएको मिति | सैद्धान्तिक छलफल सकिएको मिति | समितिमा प्राप्त भएको मिति |
|---|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०२/०१ | २०८२/०२/१८ | २०८२/०२/२६ | २०८२/०३/११ |
| २ | कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०२/१९ | २०८२/०२/२६ | २०८२/०३/२२ | २०८२/०३/२७ |

## परिच्छेद-३

## सरोकारवाला निकायहरूसँग भएका अन्तरक्रिया तथा छलफलहरू

**३. आ.व. २०८१/०८२ मा सरोकारवाला निकायहरूसँग भएको छलफल तथा अन्तरक्रिया कार्यक्रमको संक्षिप्त विवरणः**

| सि.नं. | सरोकारवालाहरूसंग भएको अन्तरक्रिया तथा सार्वजनिक सुनुवाई कार्यक्रम | मिति |
|---|---|---|
| १ | स्वास्थ्य सेवा कार्यालय, कालिकोटमा कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण (कार्यान्वयन र प्रभाव मूल्याङ्कन) गर्न आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम | २०८१ श्रावण २३ गते बुधवार |
| २ | स्वास्थ्य सेवा कार्यालय, जुम्लामा कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण (कार्यान्वयन र प्रभाव मूल्याङ्कन) गर्न आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम | २०८१ श्रावण २४ गते बिहीबार |
| ३ | स्वास्थ्य सेवा कार्यालय, मुगुमा कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण (कार्यान्वयन र प्रभाव मूल्याङ्कन) गर्न आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम | २०८१ श्रावण २५ गते शुक्रवार |
| ४ | दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका विषयमा दलित अधिकारकर्मी तथा दलित समुदायका अगुवाहरूसँग छलफल/अन्तरक्रिया कार्यक्रम | २०८१ माघ १५ गते मंगलबार |
| ५ | कर्णाली प्रदेशसभा, सामाजिक विकास समिति र कोशी प्रदेशसभा, सामाजिक विकास समितिबीच अनुभव आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रम | २०८१ चैत्र २१ गते बिहीबार |
| ६ | कर्णाली प्रदेशसभा, सामाजिक विकास समिति र बागमती प्रदेशसभा, शिक्षा, स्वास्थ्य तथा कृषि समितिबीच अनुभव आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रम | २०८२ वैशाख ४ गते बिहीबार |
| ७ | कर्णाली प्रदेशसभा, सामाजिक विकास समिति र गण्डकी प्रदेशसभा, सामाजिक विकास समितिबीच अनुभव आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रम | २०८२ वैशाख २९ गते सोमवार |
| ८ | कर्णाली प्रदेशमा बाल संरक्षणको अवस्था, प्रयास र आगामी प्राथमिकता विषयक अन्तरक्रिया कार्यक्रम | २०८२ वैशाख २८ गते आइतबार |

| सि.नं. | सरोकारवालाहरूसंग भएको अन्तरक्रिया तथा सार्वजनिक सुनुवाई कार्यक्रम | मिति |
|---|---|---|
| ९ | राउटे समुदायको मौलिक पहिचानलाई संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूतिलगायतका विषयमा सरोकारवालाहरूसँग गरिएको अन्तरक्रिया कार्यक्रम | २०८२ असार ६ गते शुक्रबार |
| १० | राउटे समुदायको बसाइ रहेको क्षेत्र लेकबेशी नगरपालिका वडा नं. १०, झुप्राखोलामा स्थलगत अध्ययन, अवलोकन भ्रमण गरेको थियो। | २०८२ असार २६ गते |

माथि उल्लेखित आर्थिक वर्ष २०८१/०८२ मा सामाजिक विकास समितिले सरोकारवाला निकायहरूसँग सञ्चालन गरेका अन्तरक्रिया, छलफल तथा सार्वजनिक सुनुवाई कार्यक्रमहरूबाट विभिन्न महत्वपूर्ण उपलब्धिहरू हासिल गरिएका छन्। कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षणका क्रममा कालिकोट, जुम्ला र मुगु जिल्लामा गरिएको सार्वजनिक सुनुवाईबाट ऐन कार्यान्वयनका चरणमा देखिएका जनशक्ति, औषधी, पहुँच र सेवा गुणस्तरसँग सम्बन्धित समस्याहरू पहिचान हुन सकेका छन्। यसले ऐनको प्रभाव मूल्याङ्कनमा ठोस तथ्यसहितका जनचासोका विषयहरू समेट्न सहयोग पुऱ्याएको छ। दलित सशक्तिकरणसम्बन्धी विधेयकमाथि दलित अधिकारकर्मी र समुदायका अगुवासँग भएको अन्तरक्रियाबाट विधेयकमा समावेश गर्नुपर्ने व्यवहारिक सुझावहरू प्राप्त भएका थिए। जसले विधेयकलाई थप समावेशी, न्यायोचित र प्रभावकारी बनाउने मार्ग प्रशस्त गरेको थियो। कोशी, बागमती र गण्डकी प्रदेशसभाका विषयगत समितिहरू कर्णाली प्रदेशसभामै आई सहभागी भएको अनुभव आदान—प्रदान कार्यक्रममा अन्य प्रदेशका उत्कृष्ट अभ्यासहरूको ज्ञान हासिल भई समितिको कार्यशैली सुदृढीकरण र पारस्परिक सहकार्य प्रवर्द्धन भएको छ। बाल संरक्षणसम्बन्धी अन्तरक्रियाबाट कर्णाली प्रदेशको बालअवस्था, नीति कार्यान्वयनको स्थिति र आगामी प्राथमिकताहरूमा सरोकारवालाको विचार समेट्न सहयोग पुगेको छ। राउटे समुदायसँग सम्बन्धित अन्तरक्रियाबाट उनीहरूको मौलिक पहिचान, सामाजिक सुरक्षाको आवश्यक व्यवस्था तथा स्थलगत अध्ययनबाट उनीहरूको बसाइको अवस्थाबारे प्रत्यक्ष जानकारी प्राप्त हुन गई आगामी नीति तथा कार्यक्रम निर्माणमा योगदान पुगेको छ। यी सबै कार्यक्रमहरूले समितिको निगरानी, सुझाव संकलन, जनसरोकारको सम्बोधन र नीतिगत क्षमतामा उल्लेख्य वृद्धि गरेको देखिन्छ। समितिका विविध गतिविधिका तस्वीरहरू अनुसूची-४ मा र समितिसँग सम्बन्धित रहेर प्रकाशित समाचारहरू अनुसूची-५ मा समावेश गरिएको छ।

# परिच्छेद-४

# समितिको प्रभावकारिता

## ४.१. समितिको प्रभावकारिताः

समिति भनेको सभाको क्षेत्राधिकारको बाँडफाँड गरिएको अधिकारसम्पन्न सभाको लघु रूप हो। यस अर्थमा हामीले संसदीय अभ्यासलाई कति आत्मसात गरेका छौं, यसका क्षेत्राधिकारलाई कसरी नियमित र प्रभावकारी बनाएका छौं भन्ने कुराले समितिको प्रभावकारितालाई स्पष्ट तुल्याउँछ। समितिको कार्यसम्पादनमा भौतिक, आर्थिक र मानवीय स्रोत साधनको कमी, अनुसन्धान कार्यको अभाव, विज्ञताको अभाव देखिन्छ। समिति प्रणालीले गति लिन नसक्नुका पछाडि धेरै कारणहरू रहेका प्रत्यक्षरूपमा महसुस गर्न सकिन्छ।

## ४.२. समितिको निर्देशन कार्यान्वयनः

जनप्रतिनिधिको मुख्य जिम्मेवारीमध्ये कानून निर्माण र निगरानी पर्दछ। तर संसदबाट कानून पारित भएर मात्र हुँदैन। ती कानूनहरूको कार्यान्वयन भएको छ कि छैन? तिनले अपेक्षित परिणाम दिएका छन् कि छैनन्? वा तिनबाट अनपेक्षित परिणाम आइरहेका छन् कि? कानून कार्यान्वयन भएका छन् भने कुन हदसम्म भएका छन् र छैनन् भने किन भएका छैनन्? यी प्रश्नको उत्तरका लागि संसद आफैले गर्ने परीक्षणलाई उत्तर-विधायिकी परीक्षण भनिन्छ। कानून कार्यान्वयनको समीक्षा गर्नु नै उत्तर-विधायिकी परीक्षण हो। कानूनको मूल्याङ्कन र मापन गरी सुझाव दिने प्रक्रियालाई सिद्धान्त तथा व्यवहारमा उत्तर-विधायिकी परीक्षण भन्ने गरिन्छ।

कर्णाली प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्नका लागि बनेको कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ प्रदेशभर ६ चैत्र २०७८ देखि प्रारम्भ भएको थियो। यस ऐनले कर्णाली प्रदेशका जनताको स्वास्थ्यसम्बन्धी हकलाई सुनिश्चित गर्न र स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय एवं प्रभावकारी रूपमा सबैको पहुँच स्थापित गर्ने अपेक्षा लिएको पाइन्छ।

सोही सन्दर्भमा अपेक्षा अनुरूप काम हुन सक्यो वा सकेन भन्ने विषयमा उत्तर-विधायिकी परीक्षण मार्फत प्रत्यायोजित तथा ऐन कार्यान्वयनको लागि व्यवस्था भएको निकायको समेत स्थलगत अनुगमन तथा अवलोकन गरी तयार गरिएको प्रतिवेदन प्रदेशसभामा पेश भइ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालयमा पठाइएकोमा सो प्रतिवेदनमा उल्लिखित विषयहरूलाई कार्यान्वयनका लागि यथाशिघ्र पहल गर्नु पर्ने।

## परिच्छेद-५
## चुनौतीहरू र आगामी कार्यदिशा

### ५.१. सामना गरिएका चुनौतीहरूः

- **जनशक्ति तथा क्षमता अभिवृद्धिः** समितिको सचिवालयमा आवश्यक दक्ष जनशक्तिको कमी र उपलब्ध कर्मचारीहरूको निरन्तर क्षमता अभिवृद्धि तालिमको अभाव।
- **बजेटको अपर्याप्तताः** समितिका लागि विनियोजित बजेट अपर्याप्त हुनुले अनुगमन, अध्ययन, र सार्वजनिक सुनुवाईजस्ता कार्यहरूलाई अपेक्षित रूपमा सञ्चालन गर्न कठिनाई।
- **सूचना प्रविधिको प्रयोगमा कमीः** संसदीय सूचना व्यवस्थापन प्रणालीमा प्रविधिको पूर्ण उपयोग हुन नसक्दा सूचनाको आदानप्रदान र अभिलेख व्यवस्थापनमा केही चुनौती।
- **अन्तर-निकाय समन्वयः** प्रदेश सरकारका मन्त्रालय तथा निकायहरूसँगको समन्वयमा कहिलेकाहीँ ढिलासुस्ती वा जानकारीको अभाव।
- **ऐन कार्यान्वयनको अनुगमनमा सीमितताः** उत्तर-विधायिकी परीक्षणको थालनी भए पनि यसलाई व्यापक रूपमा लैजानका लागि आवश्यक जनशक्ति र स्रोतसाधनको अभाव।
- **समय व्यवस्थापनः** प्रदेशसभाको अधिवेशन चलिरहेको समयमा विधेयकमाथि छलफलका लागि पर्याप्त समयको अभाव।

### ५.२. अबको कार्यदिशाः

समितिले यो आर्थिक वर्षमा आफ्नो कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउन निम्न कार्यदिशा र प्राथमिकताहरू तय गरिनेछः

- **उत्तर-विधायिकी परीक्षणको विस्तारः** प्रदेशमा बनेका ऐनहरूको कार्यान्वयन अवस्थाको थप गहन र व्यवस्थित अनुगमन तथा मूल्याङ्कनलाई प्राथमिकता दिइनेछ। यसका लागि आवश्यक स्रोतसाधनको व्यवस्थापनमा पहल गरिनेछ।
- **संसदीय सूचना प्रणालीको आधुनिकीकरणः** सूचना प्रविधिको अधिकतम उपयोग गरी समितिका बैठक, निर्णय, प्रतिवेदन र अन्य गतिविधिहरूको व्यवस्थित अभिलेख राख्ने र सूचनामा पहुँच सहज बनाउने।
- **बजेटको पर्याप्तताका लागि पहलः** समितिका कार्यहरूलाई प्रभावकारी बनाउन आवश्यक पर्ने बजेटको सुनिश्चितताका लागि प्रदेशसभा सचिवालय र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

- **सरोकारवालासँगको समन्वयः** सम्बन्धित मन्त्रालय, निकाय, नागरिक समाज, संघसंस्था र विषयविज्ञहरूसँगको समन्वय र सहकार्यलाई थप सुदृढ गरिनेछ।
- **सार्वजनिक सुनुवाई तथा जनपरामर्शः** सामाजिक विकास समितिसँग सम्बन्धित महत्वपूर्ण नीति तथा कानून निर्माण प्रक्रियामा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न थप सार्वजनिक सुनुवाई र जनपरामर्श कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- **अन्तर-प्रदेश तथा राष्ट्रिय अनुभव आदानप्रदानः** अन्य प्रदेशका विषयगत समितिहरू र संघीय संसदका समितिहरूसँग अनुभव आदानप्रदान गरी असल अभ्यासहरूलाई आत्मसात् गरिनेछ।

समिति प्रणाली सामूहिक निर्णय, सहकार्य र पारदर्शी अभ्यासमा आधारित संस्थागत संरचना हो। यसलाई अझ प्रभावकारी, उत्तरदायी र जनमुखी बनाउन समितिका पदाधिकारी, सदस्य, सचिवालयका कर्मचारी तथा सरोकारवालाहरूको साझा भूमिका रहन्छ।

कर्णाली प्रदेश सभा
कर्णाली प्रदेशसभा
सामाजिक विकास समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

# परिच्छेद-६

# सुझाव र निष्कर्ष

## ६.१. सुझावहरूः

समितिको कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउन र कर्णाली प्रदेशको सामाजिक विकासलाई गति दिन निम्न सुझावहरू प्रस्तुत गरिएका छन्:

१. **संस्थागत क्षमता अभिवृद्धिः** प्रदेशसभा सचिवालयले समितिको कार्यबोझ र जिम्मेवारी अनुसार पर्याप्त दक्ष जनशक्ति (कानून, अनुसन्धान, प्रशासन) को व्यवस्था गर्नुपर्नेछ। साथै, समितिका सदस्य र कर्मचारीहरूका लागि नियमित क्षमता विकास तालिमको व्यवस्था गरिनुपर्छ।

२. **संसदीय सूचना व्यवस्थापन प्रणालीमा प्रविधिको अधिकतम उपयोगः** समितिका बैठक, निर्णय, प्रतिवेदन र अध्ययन प्रतिवेदनहरूलाई डिजिटल माध्यमबाट व्यवस्थित र सार्वजनिक गर्नका लागि एक प्रभावकारी सूचना व्यवस्थापन प्रणाली विकास र कार्यान्वयन गरिनुपर्छ। यसले पारदर्शिता र सूचनामा पहुँच बढाउनेछ।

३. **पर्याप्त बजेट सुनिश्चितताः** समितिको अनुगमन, अध्ययन, सार्वजनिक सुनुवाई र अन्य महत्त्वपूर्ण कार्यहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि आवश्यक बजेटको सुनिश्चितताका लागि प्रदेश सरकार र प्रदेशसभा सचिवालयले प्राथमिकता दिनुपर्छ।

४. **अन्तर-प्रदेश अनुभव आदानप्रदानः** अन्य प्रदेशका विषयगत समितिहरूले गरेका असल अभ्यासहरूको अध्ययन, अनुभव आदानप्रदान र संयुक्त पहलहरूलाई प्राथमिकतामा राखी प्रदेशको विधायिकी क्षमता अभिवृद्धि गर्नुपर्छ।

५. **विधायिकी परीक्षणलाई अनिवार्य बनाउनेः** प्रदेशमा बन्ने प्रत्येक ऐनको कार्यान्वयन अवस्थाको निश्चित अवधिपछि 'उत्तर-विधायिकी परीक्षण' गर्ने व्यवस्थालाई अनिवार्य बनाइनुपर्छ र त्यसका लागि आवश्यक कार्यविधि र संयन्त्र विकास गरिनुपर्छ।

६. **सरकारी निकायहरूसँग समन्वय र जवाफदेहिताः** सम्बन्धित मन्त्रालय र निकायहरूले समितिका निर्देशन र सिफारिसहरूलाई समयमै कार्यान्वयन गरी समितिप्रति जवाफदेही बन्ने वातावरण निर्माण गरिनुपर्छ।

७. **सार्वजनिक सहभागिताको विस्तारः** नीति तथा कानून निर्माण प्रक्रियामा जनताको प्रत्यक्ष सहभागितालाई अझ व्यापक बनाउन सार्वजनिक सुनुवाई, राय सङ्कलन र सरोकारवालासँगको अन्तरक्रियालाई नियमित गरिनुपर्छ।

यी प्रयासहरूले समिति प्रणालीलाई अझ सुदृढ, जनउत्तरदायी र प्रभावकारी बनाउने अपेक्षा गर्न सकिन्छ, जसले अन्ततः कर्णाली प्रदेशको समग्र सामाजिक विकास र सुशासनलाई टेवा पुऱ्याउनेछ।

## ६.२ निष्कर्षः

नेपालमा संसदीय अभ्यासको इतिहास लामो नभए पनि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई अंगीकार गरेपछि प्रदेशस्तरीय संसद र त्यसअन्तर्गतका समितिहरूको भूमिका महत्वपूर्ण बन्दै गएको छ। संविधानअनुसार एकात्मक राज्यबाट संघीय संरचनामा रुपान्तरण भएसँगै, समितिहरू नीति निर्माण, कार्यान्वयनको निगरानी तथा विधायन प्रक्रियामा सक्रिय रूपमा संलग्न भइरहेका छन्।

समितिहरूको निरन्तर बैठक, विधेयकमाथिको गम्भीर छलफल, कार्यपालिकाप्रतिको निगरानी र निर्देशन तथा सरोकारवालाको सहभागितामार्फत् समितिको प्रभावकारिता र सक्रियता उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ। संसदीय समिति प्रणाली लोकतान्त्रिक शासनको मेरुदण्डका रूपमा स्थापित हुँदै गइरहेको छ। समितिहरूले विधेयकहरूमा दफावार छलफल, संशोधन प्रस्ताव, तथा विषयगत सुझावहरू समावेश गर्दै नीति निर्माण प्रक्रियामा व्यापक बहसको अभ्यासलाई संस्थागत बनाउँदै आएकाछन्।

सामाजिक विकास समितिले विगत आर्थिक वर्षमा विभिन्न जिल्लाहरूमा संसदीय अनुगमन, सार्वजनिक सुनुवाई तथा अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गरेको छ। यस्ता कार्यक्रमहरूले नागरिकहरूमा प्रदेशसभा र सरकारप्रति विश्वास, आशा र भरोसा अभिवृद्धि गरेको देखिन्छ। प्रदेश सरकारका सेवा प्रवाह, नीति कार्यान्वयन तथा ऐन नियमहरूको प्रभावकारिता र सान्दर्भिकताबारे नागरिकहरूले स्वतन्त्र रूपमा प्रश्न उठाएको, सुझाव प्रस्तुत गरेको तथा परिमार्जनको अपेक्षा व्यक्त गरेको पाइयो। यसले नागरिक समाज थप सचेत र सरकारप्रति उत्तरदायित्व माग गर्ने दिशामा अग्रसर भइरहेको स्पष्ट हुन्छ।

समिति प्रणाली सामूहिक निर्णय, सहकार्य र पारदर्शी अभ्यासमा आधारित संस्थागत संरचना हो। यसलाई अझ प्रभावकारी, उत्तरदायी र जनमुखी बनाउन समितिका पदाधिकारी, सदस्य, सचिवालयका कर्मचारी तथा सरोकारवालाहरूको साझा भूमिका रहन्छ। आगामी दिनहरूमा सबै पक्षको सक्रियता, प्रतिबद्धता र समन्वय आवश्यक हुनेछ।

सामाजिक विकास समितिले प्रदेश सरकारको सामाजिक रूपान्तरण, नीति निर्माण, विधायन प्रक्रिया तथा कार्यान्वयनको निगरानीमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। समावेशी दृष्टिकोण, विविध पक्षको सहभागिता र गहन छलफल समितिको विशेषता बनेको छ। विधेयकको प्रारम्भिक मस्यौदादेखि कार्यान्वयनको अनुगमनसम्म समितिले जिम्मेवार भूमिका निर्वाह गर्दै आएको छ।

यसका अतिरिक्त, उत्तर-विधायिकी परीक्षण, विषयगत अनुसन्धान, सार्वजनिक सुनुवाई, भ्रमण र अनुगमन जस्ता अभ्यासहरूले समितिको कार्यक्षमता थप सुदृढ बनाएको छ। यस्ता प्रयासहरूले

नागरिक आवाजलाई नीति, ऐन तथा कार्यक्रमहरूमा समेट्न सहज बनाएको छ, जसले लोकतान्त्रिक अभ्यासलाई समाजको तल्लो तहसम्म पुऱ्याएको छ।

अन्ततः समितिको कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउन संस्थागत क्षमता अभिवृद्धि, संसदीय सूचना व्यवस्थापन प्रणालीमा प्रविधिको अधिकतम उपयोग, पर्याप्त बजेट सुनिश्चितता, र अन्तर-प्रदेश अनुभव आदानप्रदान जस्ता कार्यहरूलाई प्राथमिकतामा राख्नुपर्छ। यस्ता रणनीतिगत प्रयासहरूले समिति प्रणालीलाई अझ सुदृढ, जनउत्तरदायी र प्रभावकारी बनाउने अपेक्षा गर्न सकिन्छ।

## अनुसूची-१

## समितिमा रहनु भएका माननीय सदस्यहरूको विवरण

| क्र.सं. | माननीय सदस्यहरूको नाम | पद | आवद्ध दल | जिल्ला |
|---|---|---|---|---|
| १ | माननीय पूर्णबहादुर खत्री | सभापति | नेपाली काँग्रेस | दैलेख |
| २ | माननीय इन्द्राकुमारी शाही | सदस्य | नेपाली काँग्रेस | दैलेख |
| ३ | माननीय खड्गबहादुर पोखरेल | सदस्य | नेपाली काँग्रेस | सुर्खेत |
| ४ | माननीय जीतबहादुर मल्ल | सदस्य | नेकपा (एमाले) | मुगु |
| ५ | माननीय जुम्कित लामा (कार्की) | सदस्य | नेकपा माओवादी (केन्द्र) | हुम्ला |
| ६ | माननीय मिलन खड्का (रोका) | सदस्य | नेकपा माओवादी (केन्द्र) | रूकुम पश्चिम |
| ७ | माननीय रण सिंह परियार | सदस्य | नेकपा माओवादी (केन्द्र) | हुम्ला |

## अनुसूची-२

## समितिका पदेन माननीय सदस्यहरूको विवरण

| क्र.सं. | पदेन मा. सदस्यहरूको नाम | पद | मन्त्रालय |
|---|---|---|---|
| १ | माननीय यामलाल कडेल | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | माननीय विनोद कुमार शाह | मन्त्री | मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ३ | माननीय घनश्याम भण्डारी | मन्त्री | मन्त्री, सामाजिक विकास मन्त्रालय |

## अनुसूची-३

### समिति सचिवालयमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | श्री राजेन्द्र पौडेल | समिति सचिव |
| २ | श्री प्रकाश पौडेल | सहायक कर्मचारी |
| ३ | श्री निरक कँडेल | सहायक कर्मचारी |
| ४ | श्री गणेश भण्डारी | सहयोगी कर्मचारी |



<u>अनुसूची-४</u>

## समितिका विविध गतिविधिका तस्वीरहरू



विधेयकमाथि छलफल गर्नु हुँदै सभापतिज्यूसहित माननीय सदस्यज्यूहरू



विधेयकमाथि छलफल गर्नु हुँदै सभापतिज्यूसहित माननीय सदस्यज्यूहरू




मन्त्रालयबाट भएका कामकारवाहीका सम्वन्धमा समितिमा जानकारी गराउनु हुँदै सामाजिक विकास मन्त्री माननीय घनश्याम भण्डारी




समितिमा विधेयकमाथिको छलफल भाग लिनुहुँदै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनोदकुमार शाह, बैठकको सभापतित्व गर्दै समितिका जेष्ठ सदस्य माननीय खड्गबहादुर पोखरेल




"कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा "ऐन कार्यान्वयन मापन" भन्ने प्रावधान राख्ने विषयमा छलफल गर्नुहुँदै समितिका माननीयज्यूहरू र माननीय मन्त्रीज्यू



कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षणको सन्दर्भमा जनस्वास्थ्य कार्यालय, जुम्लामा गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रम




कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षणको प्रतिवेदनमाथि छलफलमा माग लिनु हुँदै सामाजिक विकास मन्त्री र मन्त्रालयका सचिव



'कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०८१ लाई सभामा पेश गर्नुहुँदै समितिका ज्येष्ठ सदस्य माननीय खड्गबहादुर पोखरेल



कर्णाली प्रदेशसभा सामाजिक विकास समिति र कोशी प्रदेशसभा सामाजिक विकास समितिबीच वीरेन्द्रनगरमा भएको अनुभवन आदान प्रदान कार्यक्रम



कर्णाली प्रदेशसभा र गण्डकी प्रदेशसभा सामाजिक विकास समितिबीच वीरेन्द्रनगरमा भएको अनुभवन आदान प्रदान कार्यक्रमपश्चात मायाको चिनो आदान-प्रदान गर्नु हुँदै माननीय सभापतिज्यू



राउटे समुदायको बसाइ रहेको क्षेत्र लेकबेसी नगरपालिका वडा नं. १०, झुप्रा खोलामा गरिएको स्थलगत अध्ययन, अवलोकन भ्रमण कार्यक्रम



राउटे समुदायको बसाइ रहेको क्षेत्र लेकबेसी नगरपालिका वडा नं. १०, झुप्रा खोलामा गरिएको स्थलगत अध्ययन, अवलोकन भ्रमण कार्यक्रम




दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने कानून छिटो बनाउन माग गर्दै प्रदेशसभाको गेटमा शान्तिपूर्ण आन्दोलन गरिरहनु भएका दलित अधिकारकर्मी तथा दलित समुदायका अगुवाहरूसँग छलफल पश्चात् समितिका माननीयज्यूसहितको समूहिक तस्वीर




समितिको आयोजनामा भएको कर्णाली प्रदेशमा बाल संरक्षणको अवस्था, प्रयास र आगामी प्राथमिकमाता विषयक अन्तरक्रिया कार्यक्रम

## अनुसूची-५

# समितिसँग सम्बन्धित रहेर प्रकाशित समाचारहरू



१८ दिनमा आन्दोलन स्थगित,

### दलित समुदायको सशक्तिकरण विधेयकमाथि छलफल अघि बढाउन सहमति

पुनम बि.सी.

सुर्खेत, १९ पौष ।

विगत १८ दिनदेखि आन्दोलनरत दलित समुदायले आन्दोलन स्थगित गरेका छन् । कर्णाली प्रदेश सभाको संसदीय समिति, सामाजिक विकास समितिसँग शुक्रबार बैठक बस्दै उनीहरूले आन्दोलन स्थगित गर्ने निर्णय गरेका हुन् ।

दलित समुदायले 'दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' अघि बढाउन माग सहित गत पौष २ गतेदेखि शान्तिपूर्ण आन्दोलन शुरु गरेका थिए ।

संसदीय समिति, सामाजिक विकास समितिमा दफावार छलफलका लागि पुगेको विधेयकमा हालसम्म पनि छलफल अघि बढेको छैन । गत पौष १९ गते 'समितिमै अल्झियो दलित सशक्तिकरण विधेयक' शिर्षकमा यस काँक्रेविहार दैनिकमा समाचार समेत प्रकाशित भएको थियो ।

'दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' अहिले सामाजिक विकास समितिमा छ । गत जेठ २७ गते प्रदेश सभामा दर्ता भएको उक्त विधेयक असार ३ गते सभामा बाँकी पृष्ठ ३ मा

"संसदीय समिति, सामाजिक विकास समितिमा दफावार छलफलका लागि पुगेको विधेयकमा हालसम्म पनि छलफल अघि बढेको छैन ।"

#### समिति जवाफदेही नभए पुनः आन्दोलन- अभियान्ता

सामाजिक विकास समितिले विधेयकमाथि छलफल नगरेको अवस्थामा आफूहरु पुनः आन्दोलनमा उत्रने दलित अधिकार का लागि एकीकृत आन्दोलन नेपालका संयोजक गम्भीर सिंह भुलको भनाई छ ।

उनले भने, 'अहिले हामीले वार्ता मार्फत आन्दोलन स्थगित गरेका छौं । यसपछि पनि समितिले विधेयकमा छलफल नगर्ने र प्रदेश सभा बैठकमा समेत पेस हुने अवस्था नभएपछि हामी फेरी आन्दोलनमा आउछौं ।'

#### छलफल अघि बढ्छः सदस्य खत्री

सभापति पद रिक्त अवस्थामा रहेको सामाजिक विकास समितिले पूर्णता पाएपछि छलफल अघि बढ्ने समितिका सदस्य पूर्णबहादुर खत्री बताउछन् ।

उनले बाँकी

#### माघमा प्रदेश सभाको बैठक

कर्णाली प्रदेश ... बैठक आगामी ... आह्वान ... शुक्र...



मिसन टुडे | कर्णाली | सोमबार ... चैत्र २०८१

### कर्णालीका बालबालिकामा लगानी बढाउन माग



मध्यान्ह

### स्वास्थ्य सेवा ऐन २०७८ कार्यान्वयन गर्न सुझाव संकलन गर्दै

दिलमाया शाही

जुम्ला : कर्णाली प्रदेश सरकारले वि.सं २०७८ सालमा बनाएको कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन २०७८ को उत्तर विधायिकी परीक्षणका लागि कर्णाली प्रदेश सभा सामाजिक जपकास समितिको टोली जुम्लामा आइपुगेको छ । समितिले ऐन कार्यान्वयनको अवस्थाको विषयमा जुम्लामा समेत सरोकारवाला निकायसँग छलफल गरेको हो ।

प्रदेश सभा ज्येष्ठ सदस्य सांसद कलबहादुर हमाल, सांसद मिलन खड्का, रौकाया इन्द्रा कुमारी शाहीसहितको सामाजिक विकास समितिको टोलीले बिहीबार जुम्लामा स्वास्थ्य सेवा ऐनको विषयमा सुझाव संकलन गरेको छ ।

जुम्लामा ऐन कार्यान्वयनको अवस्था र सुझावका लागि ऐनको कार्यान्वयन तथा प्रमुख मूल्यांकन सार्वजनिक सुनुवाइ कार्यक्रममा समितिलाई विभिन्न सुझावहरु दिइएको छ । कार्यक्रममा जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले जिल्लाबाट आएका सुझाव समेटेर अनुरोध गरे । उनले प्रदेश सरकारले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालको विषयमा ध्यान दिनेगरी बजेट दिनुपर्ने बताए ।

त्यस्तै प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले कर्णालीमा कुपोषण बढी भएकाले कुपोषण शिक्षा दिन आवश्यक रहेको बताए । उनले यौन शिक्षा, सामाजिक विकृति हटाउने कार्यक्रम र सामाजिक सद्भावका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताए । प्रहरी नायब उपरीक्षक छेदीलाल कामतीले लागुऔषध नियन्त्रणका लागि किट मेसिनसहित आवश्यक उपकरण उपलब्ध गराउन प्रदेश सरकार र सामाजिक समितिलाई अनुरोध गरे ।